पशु क्वारेन्टाइन कार्यालय, गड्डाचौकीको त्रैमासिक बुलेटिन (तेश्रो त्रैमासिक)

क्वारेन्टाइन बुलेटिन

Visit our website via QR code Scan

पशु क्वारेन्टाइन कार्यालय, गड्डाचौकी, कंचनपुर र यस मातहतका ४ वटा चेकपोस्टहरु, पशु क्वारेन्टाइन चेकपोस्ट, गड्डाचौकी, पशु क्वारेन्टाइन चेकपोस्ट, बेलौरी, पशु क्वारेन्टाइन चेकपोस्ट, धनगढी, पशु क्वारेन्टाइन चेकपोस्ट, दार्चुला अन्तर्गत आ. व. २०८२/८३ को तेश्रो त्रैमासिक र तेश्रो त्रैमासिक सम्म भएको आयात निर्यात र अबैध पैठारी नस्टको विवरण भएको

# क्वारेन्टाइन बुलेटिन

## पि.पि.आर ( PESTE DES PETITS RUMINANTS )

यो विषाणुवाट भेडाबाख्रमा लाग्ने एक प्रकारको महामारीजन्य संक्रामक रोग हो । यो रोग सर्वप्रथम सन् १९४० को दशकको शुरुतिर अफ्रिका महादेशको आइभोरी कोस्टमा देखापरेको थियो। त्यस यता रोग अफ्रिका, एसिया, मध्य पूर्वका विभिन्न देशहरुमा देखिदै आइरहेको छ भने युरोपका केहि देशहरु जर्जिया, बुल्गेरियामा पनि देखा परेको छ।

नेपालमा सन् १९९४-९५ मा यो रोग पहिलोपल्ट तराई क्षेत्रमा देखा परेको थियो। त्यसयता यो रोग नेपालमा ठूलो समस्याको रुपमा रहेको छ। यस रोगको नियन्त्रणका लागी नेपाल सरकारले राष्ट्रिय पि.पि.आर नियन्त्रण कार्यक्रम संचालन समेत गरेको छ। यो रोगको खोप नेपालमै बन्छ।

यो रोग पारामिक्जोभाइरिडि जात अन्तर्गतको मर्बिलि भाइरसका कारण लाग्ने गर्दछ। यो भाइरसलाई अल्कोहल, इथर, डिटरजेन्ट, फिनेल आदिको प्रयोग गरी नष्ट गर्न सकिन्छ।

## रोग सर्ने तरिकाः

- ✓ रोगी पशुसँगको प्रत्यक्ष वा अप्रत्यक्ष सम्पर्कबाट
- ✓ संक्रमित दानापानी, घाँस आदिको माध्यमबाट
- ✓ संक्रमित र स्वस्थ पशुहरु एउटै चरनमा चर्दा
- ✓ रोगी पशुको आवतजावतबाट

## लक्षणहरुः

- ❖ ५० देखी १०० प्रतिशत सम्म मृत्यु हुने



- ❖ १०६ देखी १०८ डिग्री फरेन्हाइट सम्म ज्वरो आउने
- ❖ घासँपानी खान छोड्ने र आखाँ रातो देखिने
- ❖ गिजा र जिब्रो तिरवाट घाउ आउन शुरु गर्ने र बिस्तारै मुख तिर पनि फैलिने ।
- ❖ छेरौटी लाग्ने, कहिले काहि दिसामा रगत र म्युकस मिसिएको देखिने
- ❖ आखाँवाट चिप्रा आउने र नाकवाट बाक्लो पहेलों सिगान बग्ने
- ❖ खोकिरहने
- ❖ सास फेर्न गाह्रो हुने
- ❖ ब्याउने भेडाबाख्रा तुहिन सक्ने
- ❖ शरीरमा पानीको कमी हुने ।

## उपचारः

विषाणुका कारण लाग्ने रोग भएकाले ठोस उपचार छैन। विरामी भेडाबाख्रालाई प्रशस्त तरल पदार्थ खुवाउने। लक्षण अनुसारको उपचार गर्ने ।


## रोकथामका उपायहरुः

- भेडाबाख्रालाई पि.पि.आर रोग विरुद्धको खोप लगाउने
- कडा क्वारेन्टाइन विधिहरु अपनाउने । नँया भेडाबाख्रा आफ्नो खोरमा भित्र्याउदा केहि दिन अलग्गै राख्ने ।
- विरामी पशुलाई छुट्याएर राख्ने ।


**पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरुको आयात विवरण**

कार्यालयः-०९९-४०२१३३ प्रमुखः-९८५८७७७१३२ सूचना अधिकारीः-९८५८७७७१३३ गड्डाचौकी चेकपोस्टः-९८५८७८७१३४ धनगढी चेकपोस्ट :- ९८५८७८७१३६ बेलौरी चेकपोस्टः-९८५८७८७१३५ दार्चुला चेकपोस्टः९८५८७८७१३७
इमेलः- animalquarentinekanchanpur@gmail.com , aqogaddachauki@gmail.com


# क्वारेन्टाइन बुलेटिन





आ. व. २०८२/८३ को तेश्रो त्रैमासिक अवधिसम्म पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको निर्यात यस कार्यालय मातहतबाट कुकुर र बिरालो १/१ मात्र रहेको छ।




**अबैध पैठारी भएका पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्री नस्ट विवरण:**




**श्रावण देखि चैत्र सम्मको विवरण**




**पशु स्वास्थ्य जाँचः**

तेश्रो त्रैमासिक = १५५ पटक

नौमासिक अवधि सम्म = २६७ पटक

**क्वारेन्टाइन प्रमाणपत्र जारीः**

तेश्रो त्रैमासिक = १६ पटक

नौमासिक अवधि सम्म = ७१ पटक

**सुचिकृत गर्नु पर्ने रोगहरुः**

१. एन्थ्राक्स (Anthrax)
२. एट्रोफिक राइनाइटिस (Atrophic Rhinitis)
३. अजेस्किज रोग (Aujesky's Disease/Pseudorabies)
४. वोभाइन ब्रुसेलोसिस (Bovine Brucellosis)
५. वोभाइन ट्युवरकुलोसिस (Bovine Tuberculosis)
६. वफेलो पक्स (Buffalo Pox)
७. क्याप्राइन एण्ड ओभाईन ब्रुसेलोसिस (Caprine and Ovine Brucellosis)
८. क्लासिकल स्वाइन फिभर (Classical Swine Fever)
९. कन्टाजियस वोभाइन प्ल्यूरोन्यूमोनिया (Contagious Bovine Pleuropneumonia)
१०. कन्टाजियस क्याप्राईन प्ल्यूरोन्यूमोनिया (Contagious Caprine Pleuropneumonia)
११. ओभाइन इपिडिडाइमाइटिस् (Ovine Epididimytis)
१२. ओभाइन फुटरट (Ovine Foot Rot)
१३. पेष्टिस डेस पेटिटिस रुमिनान्टस् (Peste Des Petitis Ruminants)
१४. पोसाइन ब्रसेलोसिस (Porcine Brucellosis)
१५. रिण्डरपेष्ट (Rinderpest)
१६. सिप एण्ड गोट पक्स (Sheep and Goat Pox)
१७. एभियन इन्फ्लुएन्जा / फाउल प्लेग (Avian Influenza)
१८. एभियन ट्युवरकुलोसिस् (Avian Tuberculosis)
१९. चिकन भाइरल इन्फेक्सियस एनिमिया (Chicken Viral Infectious Anaemia)
२०. डक भाइरल ईन्टेराइटिस / डक प्लेग (Duck Viral Enteritis/Duck Plague)
२१. डक भाइरल हेपाटाइटिस (Duck Viral Hepatitis)
२२. ग्लाण्डर्स (Glanders)
२३. खोरेत (Foot and Mouth Disease)
२४. रेबिज (Rabies)


कार्यालयः-०९९-४०२१३३ प्रमुखः-९८५८७७७१३२ सूचना अधिकारीः-९८५८७७७१३३ गड्डाचौकी चेकपोस्टः-९८५८७८७१३४ धनगढी चेकपोस्ट :- ९८५८७८७१३६ बेलौरी चेकपोस्टः-९८५८७८७१३५ दार्चुला चेकपोस्टः९८५८७८७१३७
इमेलः- animalquarentinekanchanpur@gmail.com , aqogaddachauki@gmail.com

# क्वारेन्टाइन बुलेटिन

२५. लम्पी स्किन रोग (Lumpy Skin Disease)
२६. अफ्रिकन स्वाइन फिभर (African Swine Fever)

नोटः खोरेत र रेबिज मिति २०७६/०५/०९ गते अनि लम्पी स्किन रोग र अफ्रिकन स्वाइन फिभर मिति २०८०/०९/१२ गते राजपत्रमा सूचना प्रकाशित गरि थप गरिएको हो ।

पशु सेवा विभागले संचालनमा ल्याएको National Animal Health Information System वाट अनलाइनको माध्यमवाट रोगको सूचना प्रदान गर्न सकिन्छ ।




**जोखिम विश्लेषणः**

जोखिम विश्लेषण (Risk Analysis) भन्नाले पशु, पशुजन्य उत्पादन वा अन्य जैविक सामग्रीको आयात–निर्यातका क्रममा कुनै संक्रामक रोग देशभित्र प्रवेश गर्ने, फैलिने तथा त्यसबाट पर्ने प्रभावको वैज्ञानिक मूल्याङ्कन गरी उपयुक्त नियन्त्रणका उपाय निर्धारण गर्ने व्यवस्थित प्रक्रिया हो। यो प्रक्रिया विश्व पशु स्वास्थ्य संगठन (WOAH) तथा विश्व व्यापार संगठनको Sanitary and Phytosanitary (SPS) Agreement ले स्वीकार गरेको अन्तर्राष्ट्रिय मापदण्ड हो। यसको उद्देश्य सुरक्षित पशु व्यापारलाई सहजीकरण गर्नुका साथै राष्ट्रिय पशु स्वास्थ्य, जनस्वास्थ्य र खाद्य सुरक्षाको संरक्षण गर्नु हो।




**पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीमा आयात निर्यातको अवस्थाः**

नेपालमा जीवित पशुहरु, दुध, दुध जन्य पदार्थ, मासु जस्ता पशु र पशुजन्य पदार्थ बिगत केहि आर्थिक वर्ष बाट करिव शुन्यको अवस्थामा छ र नेपाल हाल कुखुराको मासु, धुलो दुध, अण्डा जस्ता पशुजन्य पदार्थमा आर्मनिर्भर भई सकेको छ । हाल नेपालबाट अन्य देशमा निर्यात हुने Dog chew, Buffalo meat, Cheese, Ghee, Dairy Spreads, Goat Polyclonal Antibodies, Haylage, Leather/Hide, Butter, Live Piglets, Green Forages, Carpet, Other Diary Products र आयात हुने बस्तुमा पशु दाना, माछाको दाना, प्यारेंट चल्ला, खोप, फिड सप्लिमेन्ट, उन, माछा आदि पशुपन्छी क्षेत्र संग सम्बन्धित मुख्य मुख्य बस्तुहरु हुन् ।

**सम्पादक मण्डलः**
डा. अरुण खनाल, पशु चिकित्सक
प्रविन खाती, पशु स्वास्थ्य प्राविधिक